मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २६ गते सोमबार (Monday, 9 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बालेनको डेरामा चोरी गर्ने तीन जना पक्राउ

**झापा, माघ २५।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता तथा काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर बालेन्द्र शाह बस्दै आएको डेरामा चोरी गर्ने तीनजनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार धुम्बाराहीस्थित चप्पल कारखाना क्षेत्रमा सीतादेवी गुरुङको घरमा रहेको शाहको डेरामा चोरी गर्ने बालाजूका ४२ वर्षीय मनिष राजवाहक, सिन्धुपाल्चोक लिसंखुपाखर-६ घर भई हाल काठमाडौं गैरीगाउँ बस्दै आएका ४६

(बाँकी अन्तिम पृष्ठमा)

## बिहे भोज खाएका एक सयभन्दा बढी बिरामी

**विराटनगर, माघ २५।** खोटाङको जन्तेढुंगा गाउँपालिका-६ दिप्लुङमा विवाहको भोज खाएका १ सय जनाभन्दा बढी बिरामी परेका छन् ।

चार दिनअघि स्थानीय बर्णबहादुर राईको छोराको बिहे भोज खाएका बेहुला-बेहुलीसहित बिरामी परेको प्रहरीले जनाएको छ । माघ-२१ गते दिप्लुङमा आयोजितमा विवाह भोज खाएका स्थानीय र निम्तालु भोलिपल्ट (२२ गते बेलुका) देखि बिरामी पर्न थालेका हुन् । उनीहरूमा शुरूमा ज्वरो आउने, काँप्ने र झाडापखाला लाग्ने समस्या देखिएको जन्तेढुंगा गाउँपालिका अध्यक्ष अरुणादेवी राईले बताइन् ।

आइतवार मात्र ४५ जना बिरामी थपिएका छन् । निको भएर घर फर्किएका कतिपयमा पुनः समस्या देखिएर उपचारका लागि दोहोरिएर आउने गरेको स्वास्थ्यकर्मीले बताएका छन् । राईले अहिले पनि एक सयभन्दा बढी बिरामी भएको र उनीहरूको अवस्था सुधारोन्मूख रहेका बताइन् । बिरामीको चापका कारण गाउँपालिकाले दिप्लुङकै निगालावास भञ्ज्याङमा २३ गतेदेखि स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

भोजमा प्रयोग गरिएको खाद्यवस्तु वा पानीका कारण फुड पोइजनिङ भएको हुन सक्ने प्रारम्भिक अनुमान छ । गाउँपालिकाले बिरामीहरूको अवस्थालाई मध्यनजर गर्दै उपचारमा कुनै कमी हुन नदिने जनाएको छ । बिहेमा करिब २०० जनाले भोज खाएको अनुमान गरिएको छ ।

## दुर्घटनामा अर्जुनधाराका दुई जनाको मृत्यु

**झापा, माघ २५।** तीन दिनअघि सवारी दुर्घटनामा परी घाइते भएका झापा अर्जुनधारा-३का एक व्यक्तिको उपचारका क्रममा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार बिर्तामोडस्थित वीएण्डसी अस्पतालमा उपचाररत् अर्जुनधाराका ४५ वर्षीय राजन बाँस्कोटाको उपचारका क्रममा मृत्यु भएको हो ।

गतमाघ २१ गते बिहान ६:३० बजे अर्जुनधारा-३ गरुवा चौकस्थित बिर्तामोड- खुदुनाबारी सडकखण्डमा बिर्तामोडबाट खुदुनाबारीतर्फ जाँदै गरेको प्र.१-०१-०१८प १६७ नम्बरको स्कुटीले बाटो काट्दै गरेका पैदलयात्री बाँस्कोटालाई ठक्कर दिएको थियो । उनलाई उपचारका लागि बीएण्डसी अस्पताल लगिएको थियो ।

स्कुटी चालक इलाम माई नगरपालिका-३ बस्ने ३५ वर्षीया अमृता राई र स्कुटी प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

झापा ४का मतदाताको एउटै प्रश्न

# कन्काईको पुल कहिले बन्छ ?

**सुरेन्द्र भण्डारी**

**झापा, माघ २५।** हुलाकी राजमार्ग अन्तर्गत झापा गाउँपालिका-२ र गौरीगञ्ज-१ जोड्ने कन्काई नदीमा पुल निर्माण थालिएको करिव १४ वर्ष भयो ।

सडक विभाग अन्तर्गतको हुलाकी राजमार्ग निर्देशनालय मातहत योजना कार्यालय, इटहरीले पुल निर्माणका लागि पप्पु महादेव-खिम्ती संयुक्त उपक्रम (जेभी) सँग सम्झौता गर्दै पुल निर्माण प्रक्रिया अघि बढाएको थियो ।

७२३ मिटर लामो पुल निर्माणका लागि २०६८ जेठ ३१ गते सम्झौता भएको र पाँचपटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न नभएपछि गतमंसीरमा ठेक्का सम्झौता अन्त्य भएको सूचना सडक विभाग अन्तर्गतको हुलाकी राजमार्ग निर्देशनालय मातहत योजना कार्यालय, इटहरीले जारी गरेको थियो । 'डिजाइन एण्ड बिल्ड' ढाँचामा करसहित ३४ करोड ९ लाख रुपैयाँको लागतमा शुरु गरिएको पुल निर्माणको प्रगति १४ वर्षमा ५६ प्रतिशत मात्रै भएपछि ठेक्का रद्द भएपछि अहिले कन्काई पुल अलपत्र छ ।

यही पुल निर्माणको माग गर्दै दक्षिणी झापाका स्थानीयवासी पालिकादेखि मन्त्रालयसम्म पुगे । माग सुनुवाई नभएपछि गत असोजमा स्थानीय मुकेश राजवंशीको नेतृत्वमा त्यहाँका स्थानीयवासी प्लेकार्डसहित पुलमै धर्ना बसे । 'हामीबाट भयो भुल, सरकार चाँडो बना पुल' लगायतका नारासहित सरकारको ध्यानाकर्षण गराए ।



त्यसपछि गतअसोज २६ गते तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री समेत रहेका कुलमान घिसिङले पुलको स्थलगत निरीक्षण गर्दै पुल निर्माण बारे छिट्टै निर्णय गरिने स्थानीयवासीलाई आश्वासन दिए । तर, पुल निर्माणको काम अघि नसरेपछि प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२का लागि मत माग्न पुग्ने उम्मेदवारलाई स्थानीयवासी एउटै प्रश्न गर्छन्- कन्काईको पुल कहिले बन्छ ? अनि यो पुल कसले बनाउँछ ? ।

कन्काई नदीमा पुल नहुँदा आफूहरुले वर्षौंदेखि सास्ती व्यहोर्नु परेको, व्यापार-व्यवसाय सञ्चालनमा असर परेको, वर्षात्को समयमा आवतजावतमा नै समस्या हुने गरेको, वर्षेनि बाँसको अस्थायी पुल निर्माण गरेर जोखिमपूर्ण आवतजावत गर्नु परेको दुखेसो पोख्दै उनीहरुले पुल निर्माणलाई पहिलो प्राथमिकतामा राख्न आग्रह गर्ने गरेका छन् । हामी प्रतिनिधिसभा सदस्यका उम्मेद्वारहरुले आफ्ना एजेण्डा सुनाउनु पूर्व नै स्थानीयले यस ठाउँमा स्थानीयले पुल निर्माणको विषय उठाउने गरेका छन्- नेपाली कांग्रेस झापाका सभापतिसमेत रहेका प्रतिनिधिसभा सदस्यका उम्मेदवार देउकुमार थेवे लिम्बूले भने ।

कन्काई माई र सानो माईको कटान र डुवानबाट दक्षिणी झापाको झापा गाउँपालिकाका स्थानीयवासी

(बाँकी अन्तिम पृष्ठमा)

## झापा ५: मतदातासँग भेटघाट, घर-घरमा संवाद

**झापा, माघ २५।** झापाको निर्वाचन क्षेत्र नम्वर ५ अहिले चुनावी गतिविधिको केन्द्रबिन्दु बनेको छ ।

सामाजिक सञ्जालमा र देशभरका मतदाताहरूको ध्यान यही निर्वाचन केन्द्रले तानेको छ । यहाँका मतदाता मात्रै होइन, बाहिरी निर्वाचन क्षेत्रमा मतदान गर्नेहरुको पनि ध्यान यही केन्द्रमा केन्द्रीत छ । अर्थात् झापा ५को चुनावी चर्चा देश तथा विदेशमा रहेका नेपालीहरुबीचमा हुने गरेको पाइएको छ ।

यो क्षेत्रमा 'हेभिवेट' भनिएका उम्मेदवार, नेकपा एमालेका अध्यक्षसमेत रहेका केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (वालेन), झापा-काठमाडौं ओहोर-दोहोर गर्दै प्रचार प्रसारमा व्यस्त देखिएका छन् । तर, वास्तविक स्थानीय उम्मेदवारहरू भने पूर्णतया गाउँ-टोल केन्द्रित गतिविधिमा लागिपरेका छन्। पार्टीभित्रका भेटघाट, स्थानीय कार्यक्रम र सानो समूहमा मतदातासँगको प्रत्यक्ष संवाद उनीहरूको प्राथमिकता बनेको छ ।

नेपाली कांग्रेसबाट उम्मेदवार बनेकी नेपाली कांग्रेसकी नेतृ दमक-९ निवासी मन्धरा चिमरिया पौडेल समाजसेवा र महिला अधिकार क्षेत्रमा परिचित नाम हो ।

निर्वाचन नजिकिएसँगै बिहानै घर-घर पुग्ने उनी भोट माग्न होइन, संवाद र विश्वास निर्माण गर्न अग्रसर देखिन्छिन् । मतदातासँगको भेटमा उनी महिला, बालबालिका र सामाजिक न्यायका मुद्दा उठाउँछिन् । उनका साथ आमा, दिदी तथा सहकर्मी महिलाहरू पनि उपस्थित हुन्छन् । कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले पनि उनलाई सशक्त महिला उम्मेदवारको रूपमा प्रस्तुत गर्दै स्थानीय मतदाताले फागुन २१ मा संसदमा पठाउने अपेक्षा व्यक्त गरेका छन् ।

प्रतिनिधिसभा सदस्यकी उम्मेद्वार रहेकी मन्धरा चुनावी भेटघाटका क्रममा मतदातालाई भन्छिन्- 'कोक्रो हल्लाउने महिलाले देश पनि हल्लाइरहेका छन्, चलाइरहेका छन् ।'

यता नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट उम्मेद्वार बनेका रञ्जीत तामाङले कमल गाउँपालिका-१का स्थानीय हुन् र उनले चुनावी प्रचारमा साधारण तर प्रभावकारी शैली अपनाएका छन् ।

भेट हुने मतदाता सम्बन्धित साथी, परिवार वा विद्यालय सहपाठी हुँदा तामाङले व्यक्तिगत अनुभव र संघर्षलाई जोड दिँदै सम्बोधन गर्छन् । उनले भदौ २३-२४का घटनाका जिम्मेवारलाई संकेत गर्दै प्रतिशोधको राजनीतिले देशको भलो नहुने बताउँदै आफ्नो उम्मेदवारीको कारण राखेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तर्फबाट उम्मेदवार बनेका लक्ष्मीप्रसाद संग्रौला पनि झापा-५मा आफ्नो अभियान अघि बढाइरहेका छन् । व्यवसायिक तथा सामाजिक क्षेत्रमा परिचित

(बाँकी अन्तिम पृष्ठमा)

## त्रिभुवन आर्मी क्वाटरफाइनलमा

**झापा, माघ २५।** डिफेन्डिङ च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई ३-० ले स्तब्ध पार्दै झापाको डोमालाल राजवंशी रंगशालामा आयोजित सातौं एक्स्ट्रिम झापा गोल्डकपको क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

खेलको २७ औं मिनेटमा आर्मीले अग्रता लियो । दिनेश हेञ्जनको क्रसपासमा नवीन लामाले वान टचमा आर्मीका लागि सुन्दर गोल गरेका थिए । आर्मीले अर्को गोल पहिलो हाफको इञ्ज्युरी समयमा गर्दै अग्रता दोब्बर बनायो । कप्तान जिलेस्पीजंग कार्कीको पासमा नवयुग श्रेष्ठले गरेको एक्रोब्याटिक प्रहार गोलमा परिणत भयो ।

आर्मीले अर्को गोल फ्रिकिकमार्फत गर्न सफल भयो । जर्जप्रिन्स कार्कीले मैदानको २५ यार्डमा पाएको बललाई सिँधै जाली चुमाए । उपाधिको



दाबेदार मानिएको आर्मी यो रंगशालामा आयोजना भएका प्रतियोगिताको चार सिजनको बिजेता हो । गतसिजनदेखि सहभागिता जनाएको चर्च ब्वाइजले पहिलोपटक नै उपाधि हात पारेको थियो । योपटक आर्मीसामु निरीह बन्दा चर्च ब्वाइज पहिलो चरणमै घर फर्किन बाध्य बनेको छ ।

खेलको प्लेयर अफ द म्याच बिजेता टिम आर्मीका नवीन लामा घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । सोमबारको पहिलो क्वाटरफाइनल खेल झापा-११ फुटबल क्लब र भारतको सिङलिङ स्पोर्टिङ क्लब सिक्किमबीच हुनेछ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ । यसैगरी विधागततर्फ उत्कृष्ट कोच, हाइ स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

## बृद्ध दम्पत्तिको हत्यामा संलग्न नियन्त्रणमा

**ओखलढुंगा, माघ २५।** ओखलढुंगा चिशंखुगढी गाउँपालिका-६ बोहोरे बस्ने ८१ वर्षीय चन्द्रबिक्रम राई र उनकै श्रीमती ८० वर्षीया चन्द्रमाया राईको हत्या भएको घटनामा संलग्न दुई जना पक्राउ परेका छन् ।

काठमाडौं महानगरपालिका-१५ डल्लु लखतीर्थ मार्ग डेरा गरी बस्ने ओखलढुंगा चिशंखुगढी गाउँपालिका-६ घर भएका ३४ वर्षीय धनबहादुर राना मगर समेत दुई जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको हो ।

चन्द्रबिक्रम र उनकै श्रीमती आफ्नै घरमा गत माघ १२ गते मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धानको क्रममा केन्द्रीय अनुसन्धान व्यूरो, कोशी प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय ओखलढुंगाबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई काठमाडौं -

(बाँकी अन्तिम पृष्ठमा)

**कर्मचारी आवश्यकता**

**यस चन्द्रसूर्य इन्फ्रास्ट्रक्चर प्रा.लि. (कंक्रिट उद्योग)लक्ष्मीपुर झापाका लागि देहाय बमोजिमको कर्मचारी आवश्यकता परेको हुँदा नेपाली नागरिकता भएका इच्छुक योग्य नागरिकले दरखास्त पेश गर्न अनुरोध गरिन्छ ।**

**१. पद : बजार प्रतिनिधि** (Marketing officer)
**संख्या** : २ (दुई)
**२. पद : रिसेप्सनिष्ट** **संख्या : १ (एक) जना**
**शैक्षिक योग्यता** : बीबीएस वा सो सरह
**अन्य ग्राह्यता** : आफ्नै दुई पाङ्ग्रे सवारीसाधन (मोटरसाइकल वा स्कुटी) भएको तथा दुई पाङ्ग्रे सवारी चालक अनुमति-पत्र भएकोलाई प्राथमिकता दिइनेछ ।
**सेवासुविधा** : संस्थाको नियम अनुसार
**आवश्यक कागजातहरुः** नेपाली नागरिकताको प्रतिलिपि १ प्रति/पासपोर्ट साइजको फोटो १ प्रति / शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति ।
**कार्यक्षेत्र** : झापा जिल्लाभर

**चन्द्रसूर्य इन्फ्रास्ट्रक्चर प्रा.लि.**
**कनकाई-८, लक्ष्मीपुर, झापा**
**सम्पर्क नं. :- ९८५२६५७३६१, ९८०२३१३२९०, ९८०२३१३२९३**

पहिचानवादी राजनीति विभाजनको घेरामा

## मत कता मोडिन्छ ?

**झापा, माघ २५।** इलाम-२ को उपनिर्वाचनले कोशी प्रदेशको पहिचानवादी राजनीति फेरि बहसको केन्द्रमा ल्यायो ।

साझा उम्मेदवारका रूपमा उभिएका डकेन्द्रसिंह थेगिमले ११ हजार ४ सय ५७ मत ल्याएपछि पहिचान पक्षधरहरू उत्साहित देखिएका थिए । एमालेका सुहाङ नेम्वाङ २७ हजार ७७२ मतसहित बिजयी हुँदा कांग्रेसका डम्बरबहादुर खड्का २१ हजार ९४२ मत ल्याउँदै दोस्रो बने । नतिजा उल्ट्याउन नसके पनि 'पपुलर मत' आएको निष्कर्षसहित पहिचानवादी नेताहरूले त्यसलाई आगामी चुनावको आधार मान्ने घोषणा गरे ।

यही उत्साहका बीच २०८१ पुसमा 'संयुक्त पहिचानवादी मोर्चा' गठन भयो । निकट भविष्यमा पार्टी निर्माण गर्दै वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाउने दाबी गरियो । मोर्चामा प्रा.डा. महेन्द्र लावती संयोजक रहेको समूह, केपी पालुङ्गा नेतृत्वको नेपाल जनमुक्ति पार्टी, डकेन्द्रसिंह थेगिम संयोजक रहेको प्रदेश पुनःनामाङ्कन अभियान समिति, ज्ञानबहादुर गुरुङ संघीय अध्यक्ष रहेको नागरिक उन्मुक्ति पार्टीलगायत प्रदेश समितिहरू सहभागी थिए । धरानमा आयोजित पत्रकार सम्मेलनमा छ महिनाभित्र पार्टी बन्ने र देशको राजनीतिको बागडोर सम्हाल्ने दाबीसमेत गरिएको थियो ।

तर, एक वर्ष नपुग्दै मोर्चा टुक्रा-टुक्रा भएको छ । पहिचानको एउटै झण्डामुनि

(बाँकी अन्तिम पृष्ठमा)







# कलाकर्मीको नजरमा 'राते काइँला'

**काठमाडौँ, माघ २५।** कलाकर्मीहरूले 'राते काइँला' नामले परिचित अभिनेता सुनील थापाको निधनले समग्र कलाकारिता जगतमा अपुरणीय क्षति पुगेको बताए ।

शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पतालमा पुऱ्याइएका ६८ वर्षीय थापाको दुःखद् निधन भएको थियो ।

प्रारम्भिक जाँच गरेपछि अस्पतालले उनलाई शनिबार बिहान ७ बजेर ४४ मिनेटमा निधन भएको घोषणा गरेको थियो । नेपालीसँगै भारतीय चलचित्रमा प्रशिद्ध नाम बनेका अभिनेता थापाको निधन चलचित्रकर्मी स्तब्ध भएका छन् । पछिल्लो समय थापाले नेपाली चलचित्र 'राम नाम सत्य' को छायाङ्कन गरिरहेका थिए ।



उक्त चलचित्रमा खलपात्रको भूमिकामा निर्वाह गरिरहनुभएका थापाको आज छायाङ्कनको अन्तिम दिन शनिबार रहेको उक्त चलचित्रका निर्देशक माइकल चन्दले जानकारी दिए । उनले भने- शुक्रबार राति १० बजेसम्म अभिनेता थापा छायाङ्कनमै हुनुहुन्थ्यो । हामीले उहाँको सम्पूर्ण काम शुक्रबार राति नै सकाउने तयारी गरेका थियौँ तर उहाँले नै शनिबार बिहान गरौँ भनेपछि सारेका थियौँ । पछिल्लो समय झण्डै चार हप्तादेखि उहाँले चलचित्रमा काम गरिरहनुभएको थियो ।

निर्देशक चन्दका अनुसार खलपात्रको भूमिका निर्वाह गरिरहेका थापाको अन्त्येष्टिकै दृश्य शनिबार छायाङ्कन गर्ने तयारी भएको थियो । उनले निर्वाह गरेको खलपात्रलाई चलचित्रका अभिनेता विराज भट्टले 'राम नाम सत्य' को छायाङ्कन गर्ने दृश्य थियो ।

निर्देशक चन्दले भावविह्वल हुँदै भने- चलचित्रमा उहाँलाई जलाउने दृश्य खिच्नु थियो । हामीले केही दिनदेखि द्वन्द्वका दृश्य छायाङ्कन गरिरहेका थियौँ, सोही कारण एकहप्तादेखि निरन्तर छायाङ्कनमा संलग्न थियौँ । उहाँले शनिबार बिहान ६ बजेदेखि १० बजेसम्म छायाङ्कन गरेर एउटा पारिवारिक समारोहमा सहभागी हुनुपर्ने कुरा बताउनुभएको थियो । शुक्रबार बेलुका नियमित रुपमा छुटिएका थियौँ, त्यो नै अन्तिम भेट भयो ।

उनीसँगै चलचित्रमा अभिनय गरिरहेका अभिनेता प्रशान्त ताम्राकारले अभिनेता थापाको निधनलाई पत्याउन गाह्रो भइरहेको बताए ।

शनिबार बिहान हामी अभिनेता थापालाई छायाङ्कनका लागि कुरिरहेका थियौँ, अचानक उहाँ नरहेको खबर आयो । मैले चलचित्र 'राम नाम सत्य' मा पहिलो दृश्य उहाँसँगै दिएँ, हिजो बेलुकी अन्तिम दृश्य पनि उहाँसँगै भयो । उहाँले मलाई छायाङ्कन अवधिभर प्रोत्साहन गरिरहनुभयो, आफ्नो अनुभवले हामीलाई मार्गनिर्देश गर्नुहुन्थ्यो- अभिनेता ताम्राकारले भने ।

अभिनेता भूवन केसीले चलचित्र क्षेत्रले देशकै अब्बल कलाकार गुमाएको प्रतिक्रिया दिए । नेपालीसँगै भारतीय चलचित्रमा स्थापित हुनुभएका अभिनेता थापा आफ्नो एक असल मित्र रहेको उनले बताए ।

अभिनेता थापा मेरा लागि कलाकारभन्दा पनि असल मित्र हुनुहुन्थ्यो । चलचित्र 'चिनो' मा पहिलोपटक काम गरेयता हामीले थुप्रै चलचित्रको सेटमा कैयौँ अन्तरङ्ग क्षण बिताएका थियौँ । मैले निर्माण गरेका चलचित्रहरु 'सपना' देखि 'क्याप्टेन' सम्म हामीले सहकार्य गरेका छौँ । उहाँ र म अर्कालाई भेट्दा सधैँ के छ दोस्त भनेर सोध्थ्यौँ । उहाँको बिदाइले हामीलाई अपूरणीय क्षति पुगेको छ- अभिनेता केसीले भने ।

अभिनेता राजेश हमालले अभिनेता थापालाई एक अद्भूत क्षमता भएका सहकर्मीका रुपमा स्मरण गरिरहने बताएका छन् । उनले सामाजिक सञ्जालमार्फत अभिनेता थापाले कलाकारितामा देखिएको रिक्तता कहिल्यै भरिन नसक्ने उल्लेख गरे ।

नेपाली चलचित्रको इतिहासमा तपाईं एउटा महत्वपूर्ण मोड हुनुहुन्छ । मेरो चलचित्र यात्रा तपाईंप्रति समर्पित गर्दछु । तपाइँको अभाव सधैँ महशुस हुनेछ- अभिनेता हमालले उल्लेख गरेका छन् । नेपाली चलचित्र 'चिनो'मार्फत अभिनेता थापालाई नेपाली चलचित्रमा स्थापित गराएका निर्देशक तुलसी घिमिरेले पात्रलाई जीवन्त बनाउन सक्नु नै उनको खुबी रहेको बताए ।

अभिनेता थापाले आफ्नो कामलाई सँधै गम्भीरतापूर्वक लिएर सम्पन्न गर्न मेहनत गर्नुभयो । पछिल्लो समय मैले चलचित्र 'पहाड' मा उहाँसँग काम गरेँ, उहाँका मेहनत भाव देखेर म खुसी थिएँ । हामीले उहाँको दृश्यलाई समावेश गरेर प्रचार गर्न श्रव्यदृश्य (टिजर) तयार गरेका थियौँ, त्यही देखाउने सल्लाह हुँदै थियो, अचानक दुःखद् खबर सुनेँ । उहाँको अनुपस्थिति हामी चलचित्रकर्मीलाई महसुस हुनेछ- निर्देशक घिमिरेले भने ।

नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाका अनुसार अभिनेता थापाको शवलाई अन्तिम श्रद्धाञ्जलीका लागि १ बजेर ३० मिनेटसम्म चाबहिलस्थित चलचित्र विकास बोर्डको प्राङ्गणमा राखेर पशुपति आर्यघाटमा लगी उनको अन्त्येष्टि सम्पन्न भएको छ ।

अभिनेता थापाको जन्म २०१७ जेठ ६ गते दाङमा भएको थियो । कलाकारिता गर्नुअघि उनले मुम्बईमा मोडलिङ, फुटबल खेल तथा फोटो पत्रकारिताजस्ता क्षेत्रमा काम गरे । भारतीय चलचित्र 'एक दुजे के लिये' बाट कलाकारिताको शुरुवात गरेका थापाले नेपाली चलचित्र 'मसाल' मार्फत नेपालमा अभिनय यात्रा प्रारम्भ गरे । करिब ३०० भन्दाबढी चलचित्रमा अभिनय गर्नुभएका थापाले नेपाली, हिन्दी र भोजपुरी भाषाका चलचित्रमा काम गरेका छन् । पछिल्लो समय 'द फ्यामिली म्यान' नामक भारतीय वेब श्रृंखलाले उनलाई चर्चामा ल्याएको थियो ।

## विश्वकप क्रिकेट: नेपाल पराजित

**काठमाडौँ, माघ २५।** आइसीसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको आफ्नो उद्घाटन खेलमा नेपाल दुई पटकको विश्वकप विजेता इङ्ल्यान्डसँग पराजित भएको छ ।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा भएको खेलमा इङ्ल्यान्डसँग नेपाल चार रनले पराजित भएको हो । झिनो अन्तरले पराजित हुदाँ नेपाली क्रिकेट इतिहासमा नयाँ कीर्तिमान कायम गर्ने अवसरबाट नेपाल बञ्चित भयो ।

जितका लागि १८५ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनमा समेटियो । नेपालका लागि दीपेन्द्र सिह ऐरीले सर्वाधिक ४४ रनको योगदान दिए र उनले २९ बलमा छ चौका र एक छक्का प्रहार गर्दै ४४ रन जोडे ।

यसैगरी कप्तान रोहित पौडेल र लोकेश बमले समान ३९/३९ रन बनाए भने कुशल भुर्तेलले २९ रन जोडे । आरिफ शेखले १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । आसिफ शेख सात रनमा आउट भए भने गुल्सन झा एक रनमा आउट भए ।

बलिङमा इङ्ल्यान्डका लियम डसनले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको इङ्ल्यान्डले निर्धारित २० ओरभमा सात विकेट गुमाउँदै १८४ रनको योगफल बनाएको थियो ।

इङ्ल्याडका लागि ज्याकब बेथेल र कप्तान ह्यारी ब्रुकले अर्धशतक बनाए । ज्याकबले ३५ बलमा चार चौका र चार छक्काको सहयोगमा सर्वाधिक ५५ रन जोडे । यसैगरी कप्तान ह्यारीले ३२ बल खेल्दै चार चौका र तीन छक्का प्रहार गर्दै ५३ रन बनाए । विल ज्याक्सले अविजित ३९ रनको योगदान दिँदा जस बटलरले २६ रन बनाए ।

बलिङतर्फ नेपालका दीपेन्द्र सिंह ऐरी र नन्दन यादवले समान दुई/दुई विकेट लिए भने शेर मल्ल र सन्दीप लामिछानेले समान एक/एक विकेट झारे ।

शनिबारदेखि सञ्चालन भएको विश्वकपमा नेपाल समूह 'सी' मा परेको छ । नेपालको समूहमा इङ्ल्यान्डसँगै वेस्ट इण्डिज, इटाली र स्कटल्यान्ड छ । नेपालले आफ्नो दोस्रो खेल यही माघ २९ गते इटालीसँग खेल्नेछ ।

## स्रोत नखुलेको नगदसहित पक्राउ

**सप्तरी, माघ २५।** स्रोत नखुलेको नगद सहित एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भगवानपुर गाउँपालिका-४ बस्ने २३ वर्षीय हरीशंकरकुमार साहरहेका छन् । उनलाई बलान बिहुल गाउँपालिका-४ बेल्हीबाट स्रोत नखुलेको नगद १३ लाख रूपैयाँसहित प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी चौकी बेल्हीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आँउदै गरेको प्र.२-०१-००२ प ४४८१ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगदसहित पक्राउ गरेको हो ।

## झापा ५ ...

उनी पार्टी एजेण्डा अनुसार राजसंस्था र हिन्दू राष्ट्र कायम गर्ने उद्देश्य राख्दै मतदाताको घर-घर पुगिरहेका छन् ।

पहिलोपटक चुनावमा लागेको श्रम संस्कृति पार्टीका युवा उम्मेदवार समिर तामाङले पनि स्थानीय श्रम र सेवामार्फत प्रचार गर्दै आएका छन् । कमल गाउँपालिकाको ढ्यांग्री खोला नजिकैको काठे पूल निर्माणमा सहभागी हुनुले उनलाई प्रत्यक्ष सेवा र श्रममार्फत मतदातासँग जोड्ने अवसर दिएको छ ।

झापा-५मा राष्ट्रिय चर्चित उम्मेदवारहरू र स्थानीय सक्रिय उम्मेदवारबीचको फरक स्पष्ट छ । जहाँ एकतर्फ ठूलो स्तरको प्रचार र मिडियाको ध्यान छ, त्यहीँ अर्कोतर्फ व्यक्तिगत भेटघाट, सामाजिक सेवा र स्थानीय सम्बन्ध निर्माण नै मतदातासँग प्रत्यक्ष प्रभाव पार्ने माध्यम बनेको छ ।

## बृद्ध ...

१५ डल्लु लखतीर्थ मार्गबाट पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत ओखलढुंगाबाट ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) तथा डाँका चोरी मुद्दामा म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## मत कता ...

उभिएका नेताहरू आ-आफ्नै बाटो लागे । मोर्चा गठनमा मुख्य भूमिका खेलेका डकेन्द्रसिंह थेगिम कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीमा प्रवेश गरे पनि केही समयमै बाहिरिए । महेन्द्र लावती भने त्यही पार्टीमा छन् । ज्ञानबहादुर गुरुङ हाल कुनै दलसँग आबद्ध छैनन् । केपी पालुङ्गा आफ्नै जनमुक्ति पार्टीतिर फर्किएका छन् ।

अरुणपूर्वका नौ जिल्लालाई लिम्बुवान प्रदेश बनाउने अभियानका अगुवा कुमार लिङ्देन आफ्नै संघीय लोकतान्त्रिक पार्टीमै क्रियाशील छन् । उनले अरुणपूर्वका २२ निर्वाचन क्षेत्रमध्ये १९ वटामा उम्मेदवार उठाएका छन् । यता उज्यालो नेपाल पार्टीले मोरङ-४ र ५ बाहेक कोशीका अधिकांश क्षेत्रमा उम्मेदवार खडा गर्दै आफूलाई पहिचान पक्षधरको दलका रूपमा प्रस्तुत गरिरहेको छ ।

**कमजोर बन्दै चुनावी एजेण्डा**

हरेक चुनावमा बलियो रूपमा उठ्ने पहिचानको मुद्दा यसपटक भने छायाँमा परेको छ । सीमित उम्मेदवारले मात्रै यो एजेन्डा बोकेका छन् । आन्दोलनमा अग्रसर नेताहरू नै परिणाम उल्ट्याउने अवस्था नरहेको स्वीकार गर्छन् ।

किराँत याक्थुङ चुम्लुङका महासचिव निरन्ती तुम्बाम्पोका अनुसार यसपटक इलाम-२ जस्तो साझा पहिचानवादी उम्मेदवार छैन । चुम्लुङ राजनीतिक दल नभएकाले पहिचानको मुद्दा बोकेका उम्मेदवारलाई सहयोग गर्ने मात्र भूमिका रहने उनी बताउँछिन् । 'हामी अहिले पनि संघर्षमै छौँ । नो कोशी र नो केबलकार दुवै आन्दोलन जारी छन्'- उनले भनिन् । पाथीभरामा केबलकार निर्माणबिरुद्धको आन्दोलनमा घाइते र मुद्दा खेपेकाहरूको उदाहरण दिँदै उनले पहिचानको मुद्दा केवल चुनावी नभई निरन्तर संघर्षको विषय भएको दाबी गरिन् ।

**२८ क्षेत्रमा छरिएको मत**

कोशी प्रदेशमा २८ वटा निर्वाचन क्षेत्र छन् । ०६२/०६३ को आन्दोलन यता उत्तरी र पहाडी क्षेत्रमा पहिचान आन्दोलनको सहभागिता बाक्लो देखिए पनि मतपत्रमा भने त्यो एकीकृत हुन सकेको छैन । इलाम-२ बाहेक पहिचानवादी मत संस्थागत रूपमा कहिल्यै एक ठाउँमा आएको छैन ।

२०७४मा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट एक जना प्रदेशसभामा पुगे । २०७९मा जसपाबाट एक जनाले प्रतिनिधित्व पाए । तर, अधिकांश चुनावमा पहिचान पक्षधर उम्मेदवार जित नजिक समेत पुग्न नसकेको उनीहरूकै स्वीकारोक्ति छ ।

**मत कता मोडिन्छ ?**

फागुन २१ को निर्वाचनमा हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीतर्फ पहिचानवादी मत जाने अनुमान गरिएको छ । पार्टीले औपचारिक रूपमा पहिचानको एजेन्डा नबोके पनि उम्मेदवारहरू अधिकांश जनजाति भएकाले 'सेम्पेथी' मत पाउने आँकलन छ । हर्क साम्पाङ आफै पनि पहिचान पक्षधर मत आउनेमा विश्वस्त छन् ।

उज्यालो नेपाल पार्टीले पनि केही मत काट्ने देखिन्छ । तर, पहिचान आन्दोलनका थेगिम, ज्ञानबहादुर गुरुङ, अशोक चेम्जोङजस्ता नेताहरू पार्टीबाट बाहिरिँदा त्यसको विश्वसनीयतामाथि प्रश्न उठेको छ । पार्टीका केन्द्रीय सदस्य केदार धिमाल भने परिणाम बदल्नेभन्दा मुद्दा स्थापित गर्ने लक्ष्य रहेको बताउँछन् । 'हामी सदनमा पुगेर पहिचानको आवाज उठाउँछौँ'- उनले भने ।

कुमार लिङ्देनका अनुसार यसपटकको चुनाव पहिचानवादी शक्तिका लागि अस्तित्व रक्षाको लडाइँ मात्र हो । इलाम-२पछि गरिएको अनुमान पूरा हुन नसकेको उनले स्वीकारे । 'हामी नै पहिचानको मूलधार हौँ, तर परिणाम उल्ट्याउने हैसियत छैन'- उनले भने । पहिचानको पक्षमा बोल्ने दल र नेता एकताबद्ध हुन नसक्नु नै मुख्य कमजोरी भएको उनको ठम्याइ छ । विभाजनकै बीच कोशीको जनमत कता मोडिन्छ चर्चाको विषय बनेका छ ।

## बालेनको ...

वर्षीय खिमबहादुर खड्का र डोटी दिपायल-६ घर भई धादिङ धुनिबेँशी-खानीखोला बस्दै आएका ४५ वर्षीय सञ्जय श्रेष्ठ पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार जेन-जी आन्दोलनका क्रममा फरार भएका कैदीहरू खोज्ने क्रममा उनीहरू पक्राउ परेका हुन् । पक्राउ परेकामध्ये मनिष राजवाहक जेन-जी आन्दोलनका क्रममा नख्खु कारागारबाट फरार भएका व्यक्ति रहेको खुलेको छ ।

राजवाहक २०७९ पुस १८मा चोरी मुद्दामा तीन वर्ष छ महिनाको सजाय भोग्न जेल चलान भएका थिए । उनीबिरुद्ध २०७२ जेठ २४मा प्रहरी वृत्त कालिमाटीबाट सार्वजनिक अपराध तथा २०७२ असार ८मा प्रहरी वृत्त महाराजगञ्जबाट चोरी मुद्दा दर्ता भएको थियो ।

प्रहरीका अनुसार उनी काठमाडौं महानगरपालिका-२६ स्थित होटल क्लासिकमा बस्दै आएका थिए । माघ २३ गते बाँसबारी क्षेत्रबाट पक्राउ परेका राजवाहकबाट बालेन्द्र शाहको डेराबाट चोरी गरिएको वर्ल्डलिंकको एक थान राउटर र दुई थान सीसीटीभी क्यामेरा बरामद गरिएको परिसरले जनाएको छ ।

## दुर्घटनामा ...

कार्यालय झापाले जनाएको छ ।

त्यस्तै झापाको अर्जुनधारामा आइतवार भएको ट्याक्टर दुर्घटनामा परी एक व्यक्तिको मृत्यु भएको छ ।

अर्जुनधारा नगरपालिका-७ बिरीङ खोलामा ट्र्याक्टर दुर्घटनामा परेर सोही ठाउँका १६ वर्षीय सरोज श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए ।

प्रहरीका अनुसार बालुवा लोड गरेर अघि बढाइरहेको प्र १-०१-००१ त ९०१० नम्बरको ट्र्याक्टरको डालामा सवार सोही ट्र्याक्टरका सह-चालक हर्क श्रेष्ठका छोरा सरोजलाई डालाबाट खस्दा पछाडिको चक्काले किचेको थियो । घाइते बालकलाई तत्काल शंखर अस्पताल, शनिश्चरे लगिएको र उनलाई डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

## कन्काईको ...

आफैंमा पीडित छन्- उनले भने- यस अघि निर्वाचित जनप्रतिनिधिले देखाएको आश्वासनका कारण गाउँमा सहज रुपमा मत माग्न सक्ने अवस्था पनि छैन । बिगतमा आफूले गरेका विकास निर्माणका कामलाई स्मरण गराउँदै अहिले मतादाता भेट्ने काम भइरहेको उनले बताए ।

विकासको दृष्टिकोणले पछि परेको झापा ४को विकासको एजेण्डा नै हाम्रो पहिलो प्राथमिकता हो- प्रतिनिधि सभा सदस्य उम्मेद्वार थेवेले भने- हामी अहिले नै यो गर्छौं र त्यो गर्छौं भन्न सक्ने अवस्थामा छैनौं । प्रतिनिधि सभा सदस्यको निर्वाचनमा जिते पनि हारे पनि यही क्षेत्रको विकास गर्ने हाम्रो पहिलो प्रयास हुनेछ ।

झापा गाउँपालिका-१ सीतुमारीका स्थानीय छवि पौडेल भन्छन्- अब मत माग्न आउने उम्मेदवारले विगतमा सुनाए जस्तो आश्वासनमा हामी अल्मिलिँदैनौं । जसले कन्काईको पुन निर्माण, कन्काई माईमा तटवन्ध र दिघलबैंक नाका खोल्ने प्रतिबद्धता जनाउँछ, उसैलाई हामी मत दिन्छौं । झापा क्षेत्र नम्वर ४मा ६६ हजार २ सय ८३ पुरुष र ६४ हजार ४ सय २८ महिला गरी एक लाख ३० हजार ७ सय १२ जना मतदाता छन् ।

यो निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसबाट देउकुमार थेबे, नेकपा एमालेबाट लालप्रसाद साँवा लिम्बू, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शम्भुप्रसाद ढकाल (सुस्केरा), नेकपा माओवादीबाट ताराबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भक्तिप्रसाद सिटौला, श्रम संस्कृति पार्टीबाट अमृतादेवी राई, नेपाली कम्युनिष्ट पार्टीबाट पुरुषोत्तम चुडाल (राजु), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट किरणलिम्बू लिङ्देन, नेपाल मजदुर किसान पार्टीबाट तुलसीलक्ष्मी दुमरु, मंगोल नेशनल अर्गनाइजेशन पार्टीबाट दिलीप धिमाल, जनता समाजवादी पार्टी नेपालबाट पल्टन ताजपुरिया, उज्यालो नेपाल पार्टीबाट सन्तोष तामाङ, जनमत पार्टीबाट लोथ्रो हेमरम, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-पुष्पलाल) बाट टेकबहादुर अधिकारी, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट त्रिनारायण राजवंशी र स्वतन्त्र उम्मेदवार साजन माझी गरी १६ जना उम्मेदवार चुनावी मैदानमा रहेका छन् ।

**सच्याइएको सूचना**, पूर्वाञ्चल दैनिक बर्ष ३१ अंक ८३ मिति २०८२ माघ २५ को ४ नं पृष्ठमा प्रकाशित पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.को कर्जा चुक्ता नभएर लिलाम हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा न्यूनतम् मूल्य हुनुपर्नेमा अन्यथ भएकोले सच्याइएको छ ।

साथै पूर्वाञ्चल दैनिक बर्ष ३१ अंक ८३ मिति २०८२ माघ २५ को ४ नं पृष्ठमा प्रकाशित पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.को लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा न्यूनतम् मूल्य हुनुपर्नेमा अन्यथ भएकोले सच्याइएको छ ।

– **व्यवस्थापक**


**जाडोमा मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

**हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुनसक्छ त्यसैले,**

- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तीव्रगतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा सतर्क रहौं,

**सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

चन्द्रबहादुर गौतमको नातिनी, प्रसादबहादुर अधिकारीको छोरी कोशी प्रदेश, इलाम जिल्ला माई जोगमाई गाउँपालिका वडा नम्बर ५ बस्ने जानुकादेवी गौतमले इलाम शाखामा खाता नं. २१११५२४१७०००९५ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०८२/१२/२४ मा निज खातावाला जानुकादेवी गौतमको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमान चन्द्रबहादुर गौतमले मृत्यु दर्ता प्रमाण-पत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक जानुकादेवी गौतमको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा
फोन नम्बर: ०२७-५२१७२४






अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

BIRTAMODE EYE HOSPITAL

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# असफलता उन्मुख स्वास्थ्य बिमा

**देशका सबै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू भएको छ । स्वास्थ्य बिमाबाट हुने लाभ र हानीका बारेमा नागरिक सचेत बन्दै गएका बेला यतिबेला भने बिमा कार्यक्रम नै असफल हुने संकेत देखिन थालेको छ । त्यसो त संविधानले नै सबै नागरिकको स्वास्थ्य, शिक्षा जस्ता अत्यावश्यक हक सुनिश्चित गरिदिएको छ । तर, संविधान प्रदत्त यस्तो अधिकार सबैको पहुँचमा छैन । यसले भन्ने र गर्ने बीचको अन्तर अझै बढाएको छ । स्वास्थ्य बिमा बोर्डको व्यवस्थापन तथा सञ्चालनमा रहेको बिमा कार्यक्रम वि.सं. २०७२ सालमा प्रारम्भ हुँदै २०७९ मा सबै जिल्लामा विस्तार गरिएको थियो ।**

**अहिले झण्डै एक करोड नागरिक बिमा कार्यक्रमसँग जोडिएका छन् । तर, पछिल्लो समयमा केवल एघार लाख जना बिमा कार्यक्रममा सक्रिय छन् । अर्थात् एक पटक कार्यक्रममा आबद्ध भइसकेका सबैले वार्षिक प्रिमियम नबुझाएर सेवाबाट वञ्चित हुने गरेका छन् । बिमा भविष्यमा पर्न सक्ने स्वास्थ्य सम्बन्धी जटिलताबाट सहज निकाश दिने माध्यम हो । यो कार्यक्रम खासगरी विपन्न समुदायका मानिसका लागि अत्यन्त लाभकारी योजना हो । यसले उनीहरुलाई आर्थिक दवाबमा राहत पनि पुऱ्याएको थियो ।**

**विश्वमा स्वास्थ्य बिमा कार्यक्रम अत्यन्त सफल छ । यसको सफलताले बिमा कार्यक्रमको औचित्य पनि पुष्टि भएको छ । नेपालमै पनि कार्यक्रम लागू भएको एक दशक बितिसक्दा यसको प्रभावकारिता बढ्दै गएको थियो । तर, बिमासँग सम्बन्धित पक्षको कमजोरीका कारण कार्यक्रम असफल हुन लागेको घटनाक्रमले देखाएको छ । यसो हुनुका पछि विमितहरु पनि जिम्मेवार छन् । आवश्यकता पर्दा लिनुपर्ने सेवा आवश्यक नहुँदै अनावश्यक परीक्षण गराउने उद्देश्यले दुरुपयोग गरियो । त्यस्तै महँगा औषधि सेवाले नदिने र सेवा प्रदायक अस्पताल र फार्मेसीले पनि बढी रकम दाबी गर्ने जस्ता कारणले सरकारले कार्यक्रम प्रवाह गर्ने सेवा कटौती गऱ्यो ।**

**अहिले नै बिमा बोर्डले कार्यक्रम अन्तर्गत चौध अर्ब रुपैयाँ अस्पतालहरुलाई भुक्तानी गर्न बाँकी छ । यस्तोमा सरकारले एक लाख रुपैयाँको सेवा पच्चीस हजारमा सार्नु परेको जनाएको छ । यसले कार्यक्रम प्रतिको भरोसा कमजोर हुने मात्र होइन सेवा नै असफल हुने जोखिम छ । सरकारले अनुदान दिएर मात्र कार्यक्रम निरन्तर चल्न सक्दैन । तसर्थ, राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको रक्षाका लागि तीनवटै पक्ष सेवा प्रदायक, सेवाग्राही र सरकार गम्भीर होऊन र मौलिक हकको प्रत्याभूति गराउन् ।**

# विश्वका उत्कृष्ट दश विश्वविद्यालयहरू



**भुवन तामाङ**



यो संसारलाई सभ्य, शान्त, विकसित र सुखमय गर्ने दिमाग तिखार्नका लागि विश्वका दश विश्वविद्यालयको भूमिका अहम् मानिन्छ। जहाँ दर्शन, इतिहास, कला, धर्म-संस्कृति, समाज, चिकित्सा, अर्थ, कृषि, वाणिज्य, उड्डयन, अन्तरीक्ष, ब्रह्माण्ड, खगोल, भूगोल, खनिज, अनुसन्धान, कम्प्युटर र विज्ञान तथा सूचना प्रविधि आदिकाबारे ज्यादै उत्कृष्ट प्रयोगात्मक कक्षासहित प्राध्यापन हुने गर्दछन्। विश्व अहिलेसम्मको अवस्थासम्म आइपुग्नमा यी विश्वविद्यालयहरुबाटै उत्पादन भएका जनशक्तिहरुको योगदान रहेको छ।

मानिसहरुका जीवनका केही महान् प्रेरणा र सम्झनाहरू विश्वविद्यालयको दिनहरूबाट आएका हुन्छन्। त्यहाँ अध्ययन गर्दाताका विषयहरु, पढाई, पुस्तकालय, प्रयोगशाला, प्राध्यापकहरु, संसारका विभिन्न देशबाट आएका विद्यार्थी मित्रहरु र आफूले हासिल गरेका शिक्षाहरुका सम्झना जीवनभर गाढा बनेर आइरहने गर्दछन्। जसले गर्दा हरेक जनशक्तिमा राम्रो काम गर्ने प्रेरणा र ऊर्जा प्राप्त हुन्छन्। विश्वविद्यालय जीवन पनि स्कूल जीवन जस्तै बिर्सन नसकिने खालको हुन्छ। टाइम्स हायर एजुकेशनले २०२६ का लागि गरेको विश्वका विश्वविद्यालय र्‍याङ्किङ प्रक्रियाबाट दश विश्वविद्यालयहरु पहिचान गरिएको छ।

**र्‍याङ्किङ प्रक्रिया :**

द टाइम्स हायर एजुकेशन वर्ल्ड युनिभरसिटी र्‍याङ्किङले विश्वविद्यालयहरूलाई पाँच मुख्य मापदण्डमा मूल्याङ्कन गर्छ जस्तैः शिक्षण, वैज्ञानिक प्रभाव, ज्ञान हस्तान्तरण, अनुसन्धानको गुणस्तर र अन्तर्राष्ट्रिय दृष्टिकोण। विश्वविद्यालयको समग्र र्‍याङ्किङका लागि यी आयाम महत्त्वपूर्ण भए तापनि अर्को महत्त्व राख्ने पक्ष त्यो हो अनुसन्धानको गुणस्तर, वैज्ञानिक प्रभाव, सुदृढ प्रकाशन संस्कृति र पर्याप्त वित्तसहितका प्रचुर संशाधन उपलब्ध भएका बलियो प्रयोगशाला। अर्कोतिर शिक्षण र विश्वव्यापी सहभागितालाई मनन् गरिन्छ। जसले विश्वविद्यालयहरूलाई व्याख्यान कक्षभन्दा पर सोच्न बाध्य पार्छ भन्ने अर्थ दिन्छ। उच्च स्कोरले केवल शैक्षिक उत्कृष्टता जनाउने मात्र होइन, विश्वविद्यालयसँग यसलाई कायम राख्न पर्याप्त स्रोत र नेटवर्कहरू पनि छन् भन्ने जनाउँछ।

**विश्वका १० उत्कृष्ट विश्वविद्यालयहरू :**

यी दश विश्वविद्यालयहरुले बृहत मात्रामा प्रतिभाहरु उत्पादन गर्छन् र विचारक, वैज्ञानिक र नीति सल्लाहकारहरूको विश्व सर्किट उत्पादन गर्दछन्। विश्वका सरकारहरूले त्यहाँ प्रतिनिधि मण्डलहरुलाई अध्ययनका लागि पठाउँछन् र कम्पनीहरूले समेत अनुसन्धानकर्ताहरूको खोजी गर्छन्। टाइम्स हायर एजुकेशन वर्ल्ड यूनिभर्सिटी र्‍याङ्किङ्स अनुसार विश्वका शीर्ष दश विश्वविद्यालयहरू यी हुन् :

(१) अक्सफोर्ड विश्वविद्यालय, संयुक्त अधिराज्य,
(२) इम्पेरियल कलेज लन्डन संयुक्त अधिराज्य,
(३) क्याम्ब्रिज विश्वविद्यालय संयुक्त अधिराज्य,
(४) म्यासाचुसेट्स इन्स्टिट्युट अफ टेक्नोलोजी अमेरिका,
(५) प्रिन्स्टन विश्वविद्यालय संयुक्त अमेरिका,
(६) हार्वर्ड विश्वविद्यालय संयुक्त अमेरिका,
(७) स्ट्यानफोर्ड विश्वविद्यालय अमेरिका,
(८) क्यालिफोर्निया इन्स्टिट्युट अफ टेक्नोलोजी अमेरिका,
(९) क्यालिफोर्निया विश्वविद्यालय बर्कली, अमेरिका र
(१०) येल विश्वविद्यालय अमेरिका।

यस सूची अनुसार बेलायतका तीन र अमेरिकाका सात शीर्ष विश्वविद्यालयहरुले संसारमा प्रभुत्व जमाएका छन्। अर्थात् विश्व हाँक्ने, विश्वलाई राम्रो गर्ने जनशक्ति उत्पादन गर्दछन्। यहाँ लाखौं लाखमात्र होइनन् करोडौं विद्यार्थीहरु उच्च शिक्षा अध्ययनका लागि विभिन्न देशहरुबाट आउने गर्दछन्। आर्थिक सम्पन्न परिवारका विद्यार्थीहरुका पहिलो रोजाइमा पर्ने विश्वविद्यालयहरु यिनै हुन्। त्यसैले हालसम्मको विश्व सभ्यतामा यिनै दुईदेशहरुको प्रभाव रही आएको छ। यू.के. र यू.एस. नाम संसारका मानिसहरुका मुखमा झुण्डिएका छन्।

यी दश विश्वविद्यालयहरुमा सुधार पनि भइरहेका छन्। जसले गर्दा विद्यार्थीहरुलाई भर्ना पाउन र अध्ययन गर्न सजिलो हुने देखिन्छ। अक्सफोर्डले क्लासिक्स, दर्शनशास्त्र र भाषाहरू जस्ता केही विषयहरूको लागि प्रवेश परीक्षा पूर्णरूपमा हटाउने भएको छ। उल्लेख्य परिमार्जन अन्तर्गत, अक्सफोर्डका आन्तरिक प्रवेश परीक्षाहरू क्रमशः हटाइँदैछन्। पुरातत्व र प्राचीन इतिहास कोर्षका पनि परीक्षा हुनेछैनन्। इतिहास र अंग्रेजी साहित्यका परीक्षाहरू विगत दुई वर्षमा क्रमशः हटाइएका छन्।

सन् २०२७ मा विश्वविद्यालय प्रवेशका लागि लागू हुने यी परिवर्तनहरू, विश्वविद्यालयले अब आफ्नो व्यक्तिगत प्रवेश परीक्षा सञ्चालन नगर्ने घोषणा गरेपछि आएका हुन्, जसको उद्देश्य प्रक्रिया सरलीकरण गर्नु हो। यसको सट्टा, गणित, भौतिक विज्ञान, राजनीति, दर्शनशास्त्र र अर्थशास्त्र लगायत १६ कोर्सहरूले अन्य शीर्ष विश्व विद्यालयहरूद्वारा लिइने समान परीक्षाहरू अपनाउने छन् र पियर्सन मार्फत अनलाइन सञ्चालन हुनेछन्। तर, अक्सफोर्डले जोड दिइरहेको छ कि प्रवेश परीक्षा पूर्णरूपमा हटेका पाठ्यक्रमहरूले पनि अन्तरवार्तासहितको छनोट प्रक्रिया भने कायम राखिनेछन्। यसै सम्बन्धमा बकिङ्घम विश्वविद्यालयका सुरक्षा विशेषज्ञ र अक्सफोर्डका पूर्व विद्यार्थी प्राध्यापक एन्थोनी ग्लिजले भने कि पुराना परीक्षाहरू पाठ्यक्रमका लागि सबैभन्दा उपयुक्त विद्यार्थीहरू छनोट गर्नमा उपयोगी थिए।

बेलायत र अमेरिकाबाहेकका देशहरुमा पनि विश्वका विद्यार्थीहरु अध्ययन गर्न जाने गर्दछन्। किनकि अन्य देशहरुमा पनि राम्रा विश्वविद्यालयहरु रहेका छन् जुन तुलनात्मक रुपमा बेलायत र अमरिकाका विश्वविद्यालयहरुभन्दा सुलभ रहेका छन्। त्यसैले आर्थिक रुपमा मध्यमस्तरका परिवारका विद्यार्थीहरु अध्ययनका लागि जाने गर्दछन्। यहाँ त्यस्ता केही विश्वविद्यालयहरुका विवरण उल्लेख गरिन्छ :

जसरी अमेरिका, बेलायत, क्यानडा र अष्ट्रेलियाले भिसा नियम कडा पार्दैछन् र आर्थिक बाधाहरू बढाइरहेका छन्, जसले गर्दा विद्यार्थीहरूले भिसा, आवास, खान बस्न लागत, भाषा अवरोध र दीर्घकालीन क्यारियर सम्भावनाहरूको चुनौतीहरूको सामना गरिरहेका छन्। तसर्थः अन्तर्राष्ट्रिय विद्यार्थीहरू अन्य ठाउँतर्फ जाने गर्दछन्। युरोप र एशीयाका देशहरूले कम शिक्षा शुल्क, बढी लचिलो नीतिहरू र पढाइपछि स्पष्ट मार्गदर्शनको साथ कदम चाल्दैछन्। जसले गर्दा बेलायत र अमेरिकामा पढ्न नसक्नेहरुका लागि राहत र अवसरको अवस्था रहेको छ।

**जर्मनी**: जर्मन एकेडेमिक एक्सचेन्ज सर्भिसका अनुसार जर्मनीमा अहिले लगभग चार लाख बीस बजार अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई आफ्ना सार्वजनिक विश्वविद्यालयहरुमा पढ्ने अवसर दिइरहेको छ। जर्मनीले विद्यार्थीहरुलाई राम्रो अंग्रेजी प्राध्यापन गराउनुका साथै कुशल जनशक्ति उत्पादन गर्दछ।

**फ्रान्स**: फ्रान्सले २०२४-२०२५ शैक्षिक वर्षमा करिब चार लाखभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई स्वागत गऱ्यो र २०२७ सम्म पाँच लाखसम्म पुग्ने लक्ष्य राखेको छ। हालका वर्षहरूमा फ्रेन्च विश्वविद्यालयहरूले भर्ना प्रक्रियालाई छिटो बनाएका छन् र अवधिहरू लम्ब्याएका छन्। यसले आंशिक रूपमा कडा अमेरिकी नीतिहरूले असर पारेका विद्यार्थी र अनुसन्धानकर्ताहरूलाई आकर्षित गरेको छ। फलस्वरुप फ्रान्सलाई अमेरिकाको गम्भीर विकल्पको रूपमा स्थापित गर्न मद्दत गरेको छ।

**आयरल्याण्ड**: आयरल्याण्डले २०२३-२०२४ शैक्षिक वर्षमा चालीस हजारभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गरी रेकर्ड बनाएको छ। यसको ग्लोबल सिटिजन्स २०३० पहल मार्फत, देशले विश्वभरका प्रतिभावान व्यक्तिहरूका लागि प्रमुख गन्तव्य बन्ने लक्ष्य राखेको छ। विशेषगरी प्रविधि र नवप्रवर्तनमा आधारित क्षेत्रहरूमा ध्यान दिएको छ। तर यहाँ दिर्घकालीन भिसा प्रक्रिया र आवास अभाव मुख्य बाधाका रूपमा रहेका छन्।

**स्पेन** : स्पेनमा एक लाखभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थी छन् र एडुब्रिज टु स्पेन जस्ता पहल मार्फत अझ वृद्धि गर्न प्रयास गरिरहेको छ, जसले कडा अमेरिकी नीतिहरूबाट प्रभावित भएका विद्यार्थीहरूको भिसा र भर्ना प्रक्रियालाई तीव्र बनाउने अपेक्षा गरिएको छ। बार्सिलोना, म्याड्रिड र भ्यालेन्सियाका विश्वविद्यालयहरूले अंग्रेजीमा पढाइ हुने कार्यक्रमहरूको संख्या बढाउँदै छन्। अन्तर्राष्ट्रिय विद्यार्थीहरूले पढाइको क्रममा हप्तामा ३० घण्टासम्म काम गर्न सक्छन् र रोजगार खोज्न लामो स्नातक पछि बसोबास अनुमति (पोस्ट (ग्रेजुएसन रेसीडेन्स परमिट)को लागि आवेदन दिन सक्छन्।

**दक्षिण कोरिया**: दक्षिण कोरियाले तीन लाख अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लक्ष्य पार गरिसकेको छ र यो माइलस्टोन दुई वर्षभित्रै हासिल गरेको छ। एक तिहाइभन्दा बढी विद्यार्थी भियतनामबाट आउँछन्। त्यसपछि चीन, उज्बेकिस्तान, मंगोलिया र नेपालबाट। कोरियाली संस्कृतिमा विश्वव्यापी बढ्दो रुचि, साथै अंग्रेजीमा पढाइ हुने कार्यक्रमहरूको विस्तार हुँदै गइरहेकाले विद्यार्थीहरु आकर्षित भइरहेका छन्।

**जापान**: जापानले २०२४ मा तीन लाख चालीस हजारभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई होस्ट गऱ्यो र २०३३ सम्ममा चार लाखको लक्ष्यतर्फ अघि बढिरहेको छ। करिब ९० प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थी चीन, नेपाल, भियतनाम, दक्षिण कोरिया र म्यानमार लगायतका एसियाली देशबाट अध्ययनरत छन्। अप्रिल २०२६ देखि जापानले उच्च प्रदर्शन गर्ने अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई आकर्षित गर्न केही विश्वविद्यालयहरूमा भर्ना कोटा पाँच प्रतिशतले बढाउने योजना बनाएको छ। सरकारले विदेशी शोधकर्ताहरू भर्ना गर्न अनुदानसहित नयाँ कार्यक्रम पनि शुरु गरेको छ।

**मलेसिया** : मलेसिया दक्षिण पूर्वी एसियामा एक प्रमुख शिक्षा केन्द्रको रूपमा उदाइरहेको छ। सन् २०३० सम्म दुई लाख पचास हजार अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई भित्र्याउन लक्षित गर्दैछ। विगत दुई वर्षमा आवेदनहरू २६% ले वृद्धि भएका छन्। चीन लगायत दक्षिण एशीया, मध्य पूर्व र अफ्रिकाबाट पनि विद्यार्थीहरु आउने गर्दछन्।

**चीन**: चीन विश्वका सबैभन्दा लोकप्रिय विदेश अध्ययन गन्तव्यहरू मध्ये एकको रूपमा रहेको छ र आफूलाई अन्तर्राष्ट्रिय शिक्षा केन्द्रको रूपमा प्रस्तुत गर्दैछ। जहाँ प्रमुख वैश्विक विश्वविद्यालयहरूका विदेशी क्याम्पसहरू सञ्चालन भइरहेका छन्। अनुमान अनुसार अन्तर्राष्ट्रिय विद्यार्थीहरूको संख्या २०२६ सम्ममा कोरोना महामारी पूर्वको स्तरमा करिब चारलाख नब्बेहजारमा फर्किने अपेक्षा गरिएको छ।

**न्यूजिल्याण्ड**: निकै राम्रो पढाइ हुने कहलिएको न्यूजिल्याण्डले २०३४ सम्म अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या एक लाख उन्नाइस हजारसम्म पुऱ्याउने दीर्घकालीन लक्ष्य लिएको छ। प्रमुख नीति परिवर्तनले विद्यार्थीहरुलाई हप्तामा २० घण्टाबाट बढाएर २५ घण्टासम्म काम गर्न पनि अनुमति दिनेभएको छ।

**संयुक्त अरब इमिरेट्स**: युएईले आफ्नो देशलाई उच्च शिक्षा अध्ययनका लागि राम्रो गन्तव्यको रूपमा देखेको छ। जबकि भारत सबैभन्दा ठूलो स्रोत बजार बनेको छ। सिंगापुर, फ्रान्स, अमेरिका र जर्मनीका विद्यार्थीहरू पनि युएईमा आउँदछन्।

अन्य देशहरुमा समेत स्तरीय विश्वविद्यालयहरु छन्। इच्छा र पैसा हुनेले जहाँ गएर पनि पढ्न सक्छन्। अहिले विश्वव्यापी रूपमा, लगभग ७० लाख विद्यार्थीहरू विदेशमा अध्ययन गरिरहेका छन्। एक अध्ययन अनुसार यो संख्या २०३० सम्ममा आठ दशमलव पाँच मिलियन पुग्नेछ। भियतनामबाट मात्र गत वर्ष लगभग दुई लाख पचास हजार विद्यार्थीहरूले विदेशमा अध्ययन गरे जुन अहिलेसम्मकै सबैभन्दा बढी संख्या हो।

विश्वका यी तथ्यहरुबाट नेपालका विश्वविद्यालयहले प्रेरणा लिन सक्छन्। त्रिभुवन विश्वविद्यालय पहिला कति उत्कृष्ट र भरपर्दो थियो। विद्यार्थीहरुको पहिलो रोजाइको थियो, तर आजका दिनमा त्रिविले समयमा परीक्षा लिन सक्दैन र रिजल्ट पनि निकाल्न सक्दैन। यसैले पनि होला नेपाली विद्यार्थीहरु पनि उच्च शिक्षा अध्ययनका लागि विदेश जाने गर्दछन्। आशा गरौं नेपाली विश्वविद्यालयहरुले पनि विदेशी विद्यार्थीहरु आकर्षित गरुन्।

(एजेन्सीको सहयोगमा)

# कसलाई मतदान गर्नुहुन्छ ? भनेर मतदाताको गोप्यता भङ्ग नगर्न आग्रह



**झापा, माघ २५।** सामाजिक सञ्जालको प्रयोग गरी र केही अनलाइन सञ्चारमाध्यमले सर्वसाधारण तथा मतदातासँग कसलाई मत दिनुहुन्छ ? भनेर मतदाताको गोपनियता भङ्ग गरेकामा जिल्ला निर्वाचन कार्यालय काठमाडौंले आपत्ति जनाएको छ।

निर्वाचन कार्यालयले निर्वाचन आचारसंहिताको पालना गर्न ध्यानाकर्षण गराउँदै मतदाताको गोपनियता भङ्ग गर्ने कार्य नगर्न/नगराउन अनुरोध गरेको हो। निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ बमोजिम आचारसंहिता उल्लङ्घनको कार्य गरेको पाइएकाले त्यस्ता कार्यहरू नगर्न/नगराउन अनुरोध गर्दै त्यस्ता कार्य नरोकिए प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने उल्लेख गरेको छ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार गर्न पाइने व्यवस्था छ। त्यसमा जुलुस, आमसभा वा कोणसभा गर्न, सञ्चारमाध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न, निर्वाचन प्रचारप्रसारका लागि घरलैलो कार्यक्रम गर्न पाइने व्यवस्था छ।

आचारसंहिताको यो व्यवस्था पूर्ण पालना गर्नका लागि पटकपटक छलफल, अन्तर्क्रिया र सूचना प्रकाशन गरी जानकारी गराइसकिएको भए तापनि कतिपय राजनीतिक दल, तिनका प्रतिनिधि र उम्मेदवारले उक्त व्यवस्थाको उल्लङ्घन गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

निर्धारित समय अगावै कोणसभा गर्ने, प्रचारप्रसार गर्ने, प्रचारप्रसार सामग्री प्रकाशन तथा प्रसारण गर्ने र घरदैलो कार्यक्रम गरी मतदातालाई प्रभाव पार्ने काम गरिरहेको भन्ने जानकारी प्राप्त भएकाले त्यस्तो कार्य नगर्न/नगराउन निर्वाचन कार्यालयले ध्यानाकर्षण गराएको छ।

कोही कसैबाट आचारसंहिताको उल्लङ्घन गरी कुनै पनि तरिकाले प्रचारप्रसार गरेको प्रमाण प्राप्त भएमा प्रचलित कानून बमोजिम तत्काल कारवाही प्रक्रिया अघि बढाइने निर्वाचन कार्यालयले सूचित गरेको छ। आचारसंहिता अनुमगन अधिकृतहरू मुक्तिराम रिजाल, शिवराम भट्टराई, रोमाकान्त काफ्ले, मुनकुमार केसी, सुनिता सुवेदी र रुक्मागत अर्यालले संयुक्त रूपमा निर्वाचन आचारसंहिताको सम्पूर्ण पक्षका बारेमा ध्यानाकर्षण गराएका छन्।

# लामिछाने थापा क्षेत्री समाज झापाको अध्यक्षमा कुमार




**बिर्तामोड, माघ २५।** लामिछाने थापा क्षेत्री समाज नेपाल झापाको दोस्रो अधिवेशनबाट पुनः कुमार थापा सर्वसम्मत चयन भएका छन्।

कनकाई नगरपालिकास्थित कोटिहोममा भएको अधिवेशनले थापालाई सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको बताइएको छ। केन्द्रिय अध्यक्ष श्यामबहादुर थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शेरबहादुर थापा, पूर्व क्षेत्रीय समितिका सचिव पदमबहादुर थापा लगायतको आतिथ्य रहेको थियो।

जिल्ला अध्यक्ष कुमार थापाको अध्यक्षता भएको कार्यक्रममा सहभागीहरुले बन्धुहरुको एकता, सद्भाव र सहयोगलाई एकिकृत गर्दै आफ्नो वंशको विकासका लागि काम गर्ने जनाइएको छ।

कार्यक्रममा समाजले गरेका काम र गर्नुपर्ने कामको बारे स्पष्ट पार्दै अतिथीहरुले शुभकामना दिएका थिए। अधिवेशनले सर्वसम्मत रुपमा कार्यसमिति चयन गरेको बताइएको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय मिश्रित फलदायी छ, मेहनत गर्नुपरे पनि काम भने बन्नेछ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय अनुकूल देखिएको छ, खानपानमा ध्यान दिनुहोला। व्यापारमा आम्दानी पनि हुनेछ साथै खर्चिलो योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायकको योग छ, अचानक धन लाभ होला, उत्तम भोजन प्राप्त हुनाले मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ ध्यान दिनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** लाभदायक दिन रहेको छ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, आज तपाईलाई रचनात्मक काममा मन जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, नयाँ अवसरका बाटो खुल्नेछन्, पेट सम्बन्धी समूयाले सताउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** दिन मध्यम रहेको छ, व्यवसायमा फाइदामूलक समय आएको हुनाले मन प्रशन्न रहला, पारिवारिक जमघटका साथ मिष्ठान्न भोजन प्राप्त।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय छ, दाम्पत्य जीवन शुखी रहनाले उत्साह बढ्ने योग रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन खर्च प्राप्त हुँदा मन खुशी भएर जानेछ तर परिवारजन बिमुख हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा-इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य शुख मिल्नाले मन हर्षित रहला।

मिति २०८२/१०/२५ आइतबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु.३,०२,०००।-
चाँदी प्रति तोला रु. ५०४०।-

# सुनकोशीको बङ्शिलाघाटमा अस्थायी बेलिब्रिज



**खोटाङ, माघ २५।** जिल्लाको दक्षिणी क्षेत्रका बराह पोखरी गाउँपालिका-५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका-१ चौदण्डीगढीको सिमानामा पर्ने सुनकोशी नदीको बङ्शिलाघाटमा जडान गरिएको अस्थायी बेलिब्रिज सञ्चालनमा ल्याइएको छ।

गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रालिले जडानको जिम्मा लिएको अस्थायी बेलिब्रिज आगामी २०८३ साल जेठ पहिलो सातासम्म सञ्चालन गर्ने सहमति गरिएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको ५७ लाख रुपैयाँ लगानीमा जडान गरिएको बेलिब्रिजको लम्बाइ ५१.८१ मिटर लामो छ।

बेलिब्रिजका लागि आवश्यक सामग्री कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले रु एक करोड ८७ लाखमा खरिद गरेर पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गरेपछि निर्माण कम्पनीलाई प्रदान गरिएको कार्यालय प्रमुख विनम दाहालले जानकारी दिए। लामो समयदेखि झोलुङ्गे पुल मार्फत आवतजावत गर्दै आएका दक्षिणी क्षेत्रका स्थानीय बासिन्दा ढिलै भए पनि बङ्शिलाघाटमा अस्थायी बेलिब्रिज जडान भएपछि हर्षित भएका छन्।

मोटरेबल पक्की पुल समेत निर्माण भइरहेको बङ्शिलाघाटमा बेलिब्रिज जडानका लागि खोटाङका बराहपोखरी र जन्तेढुङ्गा गाउँपालिका तथा उदयपुरको चौदण्डीगढी नगरपालिकाका जनप्रतिनिधिले सङ्घीय सरकारसँग माग गरेका थिए। खोटाङ र उदयपुर जोड्नेगरी कच्ची सडक निर्माण गरेर यातायात सञ्चालन गरिँदै आएको बङ्शिलाघाटमा अस्थायी बेलिब्रिज जडानका लागि सङ्घीय सरकारले बजेट उपलब्ध नगराएपछि प्रदेश सरकारको लगानीमा जडान गरेर सञ्चालन गरिएको बराह पोखरी गाउँपालिका प्रमुख शालिकराम वञ्जराले जानकारी दिए।

दक्षिणी क्षेत्रमा पर्ने तीनवटा स्थानीय तहका नागरिकलाई पूर्वी तराईका विभिन्न जिल्लासँग सिधा यातायात सेवामा जोड्नका लागि सुनकोशीको धाप्लाङघाटमा निर्माणाधीन मोटरेबल पुलको कामले समेत पछिल्लो समय गति लिएको छ। ठेकेदारको लापरवाहीले लामो समयसम्म अलपत्र परेको धाप्लाङघाटको मोटरेबल पुल निर्माणको कामले केही समयअघिबाट गति लिएसँगै नागरिकमा आशा जगाएको छ।

धाप्लाङघाट पुल निर्माण ४३ प्रतिशत सकिएको सडक विभाग पुल सेक्टर धरानका इञ्जिनियर नवीन साहले जानकारी दिए। उनका अनुसार धाप्लाङघाटमा वेल फाउन्डेशन प्रविधिको पुल निर्माण शुरु गरिएको थियो। त्यो सम्भव नभएपछि गत वर्ष डिजाइन परिवर्तन गरेर पाइल फाउन्डेशन प्रविधिको पुल निर्माण शुरु गरिएको छ। स्ल्याव ढलानका लागि पानी सुकाउने काम भइरहेको छ। पानी चाँडै सुकाउन सके यो वर्ष थप दुईवटा स्ल्याव ढलान सकिन्छ।

सङ्घीय सरकारको २१ करोड ६५ लाख रुपैयाँ लगानीमा धाप्लाङघाटमा दुई सय मिटर लामो मोटरेबल पक्की पुल निर्माणका लागि २०७३ साल असार ३० गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो। करिब नौ वर्षदेखि निर्माणधीन अवस्थामा रहेको धाप्लाङघाटको मोटरेबल पक्की पुल अलपत्र हुँदा दक्षिणी क्षेत्रका नागरिक निरास थिए।

पछिल्लोपटक थपिएको म्याद अनुसार २०८४ साल जेठ १९ गतेसम्ममा धाप्लाङघाटको पुल निर्माण सम्पन्न गर्नुपर्छ। वि.सं. २०८३ चैतभित्रमा धाप्लाङघाटबाट सवारीसाधन वारपार गराउनेगरी निर्माणको कामलाई तीव्रता दिइएको निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सन प्रालिले जनाएको छ। सुनकोशीकै फोक्सिङटारमा जडान गरिएको अस्थायी बेलिब्रिज यसअघि नै सञ्चालनमा ल्याइएको छ। खोटाङको खोटेहाङ गाउँपालिका-९ लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५ आँपटार जोड्ने सुनकोशीको फोक्सिङटारमा मोटरेबल पक्की पुल बाढीले बगाएपछि अस्थायी बेलिब्रिज जडान गरेर सञ्चालनमा ल्याइएको हो।

फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा आएसँगै घुर्मी-कटारी हुँदै घुमाउरो मार्ग प्रयोग गर्नुपर्ने बाध्यता हटेको खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङमाङले जानकारी दिए। निर्माण कम्पनी एमएएस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोज प्रालि कटारी-३ उदयपुरले मूल्य अभिवृद्धि करसहित ९६ लाख ७७ हजार नौ सय ३७ रुपैयाँमा ठेक्का सम्झौता गरेर बेलिब्रिज जडान गरेको हो।

गत वर्ष असोज १२ गतेको अविरल वर्षाका कारण सुनकोशी नदीमा आएको भीषण बाढीले फोक्सिन्टारको एक सय २० मिटर लामो मोटरेबल पक्की पुल बगाएको थियो। फोक्सिङटारको मोटरेबल पक्की पुल बाढीले बगाएपछि दिक्तेल-गाईघाट सिधा यातायात पूर्ण रूपमा विच्छेद भएको थियो। करिब १३ वर्ष लगाएर निर्माण भएको आर्क डिजाइनको पुल बाढीले बगाएपछि गत वर्षको पुसमा जडान गरिएको बेलिब्रिज वर्षायाम शुरु भएसँगै निकालिएको थियो। बेलिब्रिज निकालिएसँगै यातायात सेवा विच्छेद भएपछि पूर्वी तराई आवतजावत गर्ने यात्री झोलुङ्गे पुलमार्फत गन्तव्यमा पुग्ने गरेका थिए।

# स्थानीयस्तरका महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा



**भोजपुर, माघ २५।** स्थानीय स्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउँदै आएका छन्।

खेल तथा मेलाका अवसरमा स्थानीय पालिकासहित छिमेकी जिल्ला तथा देशका विभिन्न स्थानबाट आउने खेलाडी र खेलप्रेमीको उपस्थितिले यहाँको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको स्थानीयबासीले बताएका छन्।

खेलकुदलाई पर्यटन प्रवर्द्धनको आधार बनाउँदै जिल्लाको पौवादुङमा गाउँपालिकाले हालै तेस्रो पौवादुङमा गोल्डकप तथा माघी मेला सफलतापूर्वक सम्पन्न गरेको छ। प्रतियोगिता तथा मेलाका कारण जिल्लाभित्र र बाहिरबाट आएका आगन्तुकको उपस्थितिले स्थानीय पर्यटन र व्यवसायमा सकारात्मक प्रभाव पारेको छ।

गोल्डकप तथा माघी मेलाका अवसरमा स्थानीय उत्पादनको प्रदर्शनी तथा बिक्री समेत गरिएको थियो। घरेलु कृषि उपज, हस्तकला सामग्री तथा परम्परागत खानाका स्टलहरूले दर्शकको ध्यान आकर्षित गरेका थिए। यसले स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्नुका साथै किसान र उद्यमीलाई प्रोत्साहन मिलेको गाउँपालिकाले जनाएको छ।

स्थानीयस्तरमा सञ्चालन हुने यस्ता खेलकुद प्रतियोगिता तथा सांस्कृतिक मेलाले रोजगारी सृजना, आर्थिक गतिविधि विस्तार र गाउँको पहिचान निर्माणमा योगदान पुऱ्याउँदै आएका छन्। स्थानीयवासीले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र दीर्घकालीन रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

गोल्डकप तथा माघी मेलामा सहभागी हुन गाउँपालिकाका विभिन्न वडासहित छिमेकी जिल्ला तथा देशका अन्य स्थानबाट खेलाडी, प्रशिक्षक, दर्शक र खेलप्रेमीको बाक्लो उपस्थिति देखिएको थियो। प्रतियोगिता अवलोकनका लागि बाहिरबाट आएका आगन्तुकका कारण होटल, रेस्टुरेन्ट तथा यातायात व्यवसाय समेत चलायमान बनेको स्थानीय व्यवसायी दिनेश अधिकारीले बताए।

खेलकुद क्षेत्रको विकाससँगै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ पौवादुङमा गाउँपालिकाले विगतका वर्षदेखि नै पौवादुङमा गोल्डकप तथा माघी मेला आयोजना गर्दै आएको छ। गाउँपालिकाले यस्ता कार्यक्रम मार्फत स्थानीय सम्भावना उजागर गर्ने र गाउँलाई पर्यटकीय गन्तव्यका रूपमा चिनाउने रणनीति लिएको जनाएको छ। गाउँपालिका अध्यक्ष किरण राईका अनुसार खेलकुद प्रतियोगिता तथा मेला, महोत्सवले पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

# 'महिला सहभागिता ५०% पुऱ्याउने'



**बिर्तामोड, माघ २५।** नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. २ का उम्मेदवार सरिता प्रसाईले नीति-निर्माण गर्ने थलो प्रतिनिधिसभामा आफूले प्रतिनिधित्व गर्न पाएमा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउने प्रतिबद्धता जनाएकी छन्।

नेपाल महिला संघ निर्वाचन प्रचार-प्रसार समिति क्षेत्र नं. २ को आयोजनामा नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालयमा सम्पन्न २ नम्बर क्षेत्र स्तरीय महिला भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेतृ प्रसाईंले आफूले संविधानसभामा प्रतिनिधित्व गर्दा राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको नीतिगत ब्यवस्था पारित गरेको स्मरण गरिन्।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् समानुपातिक उम्मेदवार उमा शिवाकोटीले २००७ सालदेखि संविधान निर्माणसम्मका परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको बताउँदै सबै दललाई एकै ठाउँमा उभ्याउने तागत कांग्रेसमा मात्रै रहेको बताइन्।

अर्का समानुपातिक उम्मेदवार मनमाया विश्वकर्माले प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रुख चिन्हमा मतदान गरी लोकतान्त्रिक व्यवस्थाको रक्षाका लागि कांग्रेसलाई ठूलो शक्ति बनाउन आग्रह गरिन्।

नेपाल महिला संघ झापाका अध्यक्ष टिका सिटौला मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्मला गुरुङ, सीता ढकाल उप्रेती, यसोदा उप्रेती लगायतले आ-आफ्ना धारणा राखेका थिए।

सीता चुडाल सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रभा पौडेलले गरेकी थिइन्। कार्यक्रममा नेपाली कांग्रेस सहमहामन्त्री डा. डिला संग्रौला, सुधिरकुमार शिवाकोटी, सुरेश सुब्बा, तारामान गुरुङ, उमा शिवाकोटी लगायतलाई स्वागत गरिएको थियो।


## महत्वपूर्ण कागजात हराएको सूचना

शिवसताक्षी- ८ गुराँस चौकबाट झिलझिले जाने क्रममा यही मिति २०८२।१०।०५ गते मेरो निम्न व्यहोराको महत्वपूर्ण कागजात हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : नारायणप्रसाद शिवाकोटी**
**ठेगाना : शिवसताक्षी- ८, झापा**
**नागरिकता नं. : ८५२४१२१५**
**राष्ट्रिय परिचयपत्र नं.: ६४०-७६५-५५६-१**
**सम्पर्क नं. : ९८०४९६१९८४**

## मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ

सम्पर्क :
**एल. बि. आर्ट**
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा

हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।

सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०७१/०७/१० गतेका दिन बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम :-** आयुश पाठक
**ठेगाना :-** कनकाई-२, झापा
**रजिस्ट्रेसन नं. :-** ६९०४१७००१
**सिम्बोल नं. :-** २०४०१९७२
**सम्पर्क नं. :-** ९८१६००१५९५

## वैदेशिक रोजगार

**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस्। **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**

सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## UAE मा रोजगारीको अवसर

United International Group

७ दिनमा भिषा आउने

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## Ganapati Bakers

Finest Bakery in town

गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।

**सम्पर्क नम्बर :**
**बिर्तामोड : ९८१०९४४५७७**
**काँकरभिट्टा : ९८२०५४४५७७**
**भद्रपुर : ९८२०१४४५७७**

## कोसेली

शुद्ध दूधको स्वस्थ उत्पादन

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"

दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।

**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

**उपचार हुने रोगहरू :**
- **उच्च रक्तचाप** (Blood pressure)
- **सुगर, हर्मोन, थाइराइड विशेषज्ञ**
- **वरिष्ठ मानसिक रोग विशेषज्ञ**
- **वरिष्ठ छाला, यौन रोग विशेषज्ञ**
- **वरिष्ठ बाल रोग विशेषज्ञ**
- **स्त्री तथा प्रसुति रोग विशेषज्ञ**

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।

अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।

*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS

प्रत्येक दिन आँखाको शल्यक्रिया

१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)

Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर

MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन

हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म

के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह

डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म

(+977) 9817964771
(+977) 023-590008

THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

**१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :**
**हामीले प्रदान गर्ने सेवाहरू :**
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

**निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !**

**हाम्रो स्थानहरू :**
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।

सम्पर्क :
**सेक्टर वान सेक्युरिटी सर्भिस**
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
**दमकबाट : बिहान ६ बजे**
**बिर्तामोडबाट : बिहान ७ बजे**
**मंगलबारेबाट : दिउसो १२ बजे**

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## नेपालीहरुको लागि भरपर्दो सेवा निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*
Youtube Channel : Nishat M jotic kendra